बैठक संख्याः ४८

आज मिति २०८२ साल भाद्र महिनाको १६ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व.. २०८२/०८३ को दोस्रो बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिलः

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | श्री पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिंह के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री दल बहादुर साउद | १० नं. वडा अध्यक्ष | ९८५१२११९०१ |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री बिष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |
| | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| | २०. | श्री अफ्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २१. | श्री अम्मर राज जोशी | प्रमुख प्रशासकीय अधिकृत | ९८६५६४९०२७ |

आमन्त्रित उपस्थिति:

| हस्ताक्षर | क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १ | टंक बहादुर सिंह | माईन्यौट टाईपिष्ट | ९८४८६१८७५४ |
| | २ | टेक राज जैशी | कार्यालय सहयोगी | |

बुढीगंगा नगरकार्यपालिकाको ४८ औं तथा आ.व. २०८२/०८३ को दोस्रो बैठकमा प्रस्तुत प्रस्तावहरु:

१. नगर प्रमुखको अष्ट्रेलिया भ्रमणको उपलब्धि जानकारी गराउने सम्वन्धमा ।

२. जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजनाको प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

३. संकलन केन्द्र तथा हाटवजार सञ्चालन सम्वन्धमा ।

४. दोस्रो नगर प्रमुख कप भलिबल प्रतियोगिता सञ्चालन गर्ने सम्वन्धमा ।

५. पुस्तकालय स्थापनाका लागि सझेदारी सम्झौता गर्ने सम्वन्धमा ।

६. सामुदायिक सिकाई केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा भएको उमेर हदमा यस अघि भएको निर्णयका सम्वन्धमा ।

७. पशुपती मा.वि. को नमूना कार्यक्रमको ५ वर्षे गुरुयोजना स्वीकृत गर्ने सम्वन्धमा ।

८. विज्ञापन सम्वन्धमा ।

९. विविध:

क. अध्ययन अवलोकन भ्रमण सम्वन्धमा ।

ख. सडक सरसफाइ सम्वन्धमा ।

ग. बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र ( संचालन तथा व्यवस्थापन ) ऐन, २०७९ र करारमा खेलकुद तथा संगित प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०७९ संशोधन र कर्मचारी नियुक्ति सम्वन्धमा ।

घ. आर्थिक सहयोग सम्वन्धमा ।

ङ. विभिन्न कार्यक्रमका लागि UNDP मा आर्थिक सहयोग प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

राम बहादुर बानियाँ
नगर प्रमुख

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपलिकाका नगर प्रमुख मिति २०८२/०४/२३ गते देखि २०८२/०५/०६ गते सम्म स्मार्ट हेल्थ गोलोवलको आयोजनामा भएको अष्ट्रेलिया भ्रमणका क्रममा हासिल गरेका अनुभव र उपलब्धिहरुलाई यस नगरकार्यपालिकाको बैठकमा जानकारी गराएको निर्णय पारित गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजनाले माग गरेको मापदण्ड अनुरुप स्थनिय पूर्वाधार सहयोग कार्यक्रम ( LISP), युरोपेलली युनियन तथा फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित सबैको लागि खानेपानी तथा सरसफाइ आयोजना ( SUSWA) र यस्तै प्रकृतिका अन्य परियोजना यस पालिकामा कार्यान्वयनमा नभएकाले पालिकाले व्यहोर्नु पर्ने २०% लागत साझेदारी गर्ने प्रतिवद्वता सहित प्रस्तावना तयार गरी निर्धारित समयमा नै सम्वन्धित निकायमा पेश गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा बुढीगंगा नगरपालिकामा निर्माण भएका संकलन केन्द्र तथा हाटवजार व्यवस्थापनका लागि कृषि शाखाले निर्धारण गरेको दररेट अनुसार हुने गरी सीप विकास तथा प्रशिक्षण केन्द्र मार्फत सञ्चालन गर्ने र उक्त कार्यका लागि सम्वन्धित सरोकारवाला सबैलाई समन्वय गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाले आयोजना गर्ने गरेको नगर प्रमुख कप अन्तर्गत दोस्रो नगर प्रमुख कप भलिवल प्रतयोगिता मिति २०८२/०६/२५गते देखि बडिमालिका क्याम्पस फालासैनमा सञ्चालन गर्ने र उक्त आयोजनामा प्रथम, द्वितिय, तृतिय र सान्त्वना पुरस्कार प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत पर्ने बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रमा युवाहरुका लागि उपयोगी, सीप तथा क्षमता विकासमा समय सान्दर्भिक हुने रोचकपुर्ण पुस्तकहरु खरिद गर्न लगानी गर्ने कर्णाली जनजागरण युवा मन्च नेपाल ( KPAYF - Nepal ) इच्छुक भएको हुदा नगरपालिकाको सीप विकास तथा प्रशिक्षण केन्द्रको तर्फबाट रु. १०००००० /- ( अक्षरुपी दश लाख रुपैयाँ मात्र) र उक्त संस्थाको तर्फबाट रु. १५००००० /- ( अक्षरुपी पन्ध्र लाख रुपैयाँ मात्र ) गरी कुल रु. २५००००० /- ( अक्षरुपी पच्चिस लाख रुपैयाँ मात्र ) को लागतमा पुस्तकालय स्थापना गर्न

साझेदार संस्था संग सम्झौता गर्ने र सीप विकास तथा प्रशिक्षण केन्द्रको आवश्यकता अनुसार पुस्तक खरिद गर्न संस्थालाई कार्यादेश दिने निर्णय सर्वसम्मत पारित गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८१ साल माघ महिनाको २५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय नं. ५ मा सामुदायिक सिकाई केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा ३ को "ख" (अ) मा संशोधन गरी १८ बर्ष पुरा भइ ४५ बर्ष ननागेको राख्ने भनि गरिएको निर्णय प्रचलति संघिय कानून सँग बाझिन गएको हुदा उक्त उमेर हद १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको नै कायम गरी उक्त कार्यविधि पारित गर्ने र सोही बमोजिम पुनः विज्ञापन गरी पदपुर्ति प्रक्रिया अघि बढाउने निर्णय पारित गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ स्थित रहेको श्री पशुपति माध्यमिक विद्यालय प्रदेश सरकारबाट नमूना विद्यालयको कार्यक्रममा छनौट भएकोले उक्त कार्यक्रमका लागि विद्यालयले नगरपालिकामा पेश गरेको ५ बर्षे गुरुयोजनामा रहेका कार्यक्रमहरु आवश्यक परिमार्जन गर्ने गरी स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि सुरक्षित आप्रवासन ( SAMI ) कार्यक्रम चौथो चरण अनतर्गत स्थानिय तह सँग ५०% साझेदारीमा सञ्चालन गर्ने गरी कार्यक्रम लागु भइ संघिय ससर्त अनुदान समेत प्राप्त भइ सकेकाले उक्त कार्यक्रमका लागि आवश्यक जनशक्ति मनोसामाजिक परामर्शकर्ता पदको कार्यक्रम मार्गदर्शनका आधारमा विज्ञापन गरी पदपुर्ति गर्ने निर्णय पारित गरियो ।

९. प्रस्ताव नं. ९ को क माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको सेवा प्रवाहको सुधारका लागि अन्तरपलिका स्तरिय अध्ययन, अवलोकन तथा अनुभव आदनप्रदानका लागि पालिकाका कार्यपालिका जनप्रतिनिधि लगायतको टोली २०८२/०६/१७ गते अध्ययन अवलोकन भ्रमणका लागि प्रस्थान गर्ने निर्णय पारित गरियो ।

१०. प्रस्ताव नं. ९ को ख माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न क्षेत्रमा वर्षायामको पानीले सडक बिग्रिन गइ यातायातका साधन सञ्चालनमा समस्या भएका ठाँउमा मिति २०८२/०५/२० गते देखि नगरपालिका भित्रका सबै शाखा सडकहरु सरसफाई गरी सुधार गर्ने र सो को जिम्मा सम्बन्धित वडा प्राविधिकलाई दिने निर्णय पारित गरियो ।

११. प्रस्ताव नं.९ को ग माथि छलफल गर्दा बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९ को दफा ११ को उपदफा ३ र ४ मा कर्मचारीको उमेर हद कार्यकारी अधिकृतको हकमा १८ वर्ष पुगि ५० वर्ष ननाघेको र अन्य कर्मचारीको हकमा १८ वर्ष पुगि ४५ वर्ष ननाघेको र करारमा खेलकुद तथा संगित प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ३ को दफा ७ को ७.१ को (ग) र ७.२ को (ग) मा १८ वर्ष पुरा भइ ६० वर्ष ननाघेको हुनुपर्नेछ भन्ने प्रावधान संघिय कानून सँग बाझिन गएको भनि सरोकारवाला निकायबाट उक्त प्रावधान खारेज गर्नुपर्ने भनि निर्देशन भएकाले सो प्रावधान संशोधन गरी "२१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ" राखी सो संशोधित ऐन पारितका लागि आगामी नगरसभामा पेश गर्ने र विद्यमान प्रावधानका आधारमा नियुक्त गरेका त्यस बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रका कार्यकारी अधिकृत - १ जना श्री महेश राज जैशी, लेखापाल - १ जना श्री लोकेन्द्र खड्का र प्रशासन सहायक - १ जना श्री मिन बहादुर बुढा गरी ३ जना कर्मचारीको नियुक्ति चालु आ.व. २०८२/०८३ को अशोज मसान्त सम्म मात्र करार म्याद थपेर कार्तिक १ गतेबाट लगु हुने गरी करार सेवा अन्त्य गर्ने निर्णय पारित गरियो ।

१२. प्रस्ताव नं. ९ को घ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिका वडा नं. ६ तल्लो सायल निवासी श्री बुगडी देवि विष्ट जसाहरा एकल महिला भएको र विगतमा गएका भूकम्प तथा वर्षातको समयमा परेको अविरल पानीले निजको घर भत्किएर अरुको आश्रयमा वसोवास भएको हुदा उक्त घर निर्माणमा लाग्ने आवश्यक खर्च रकम नगरपालिकाको विपद् कोषबाट सहयोग गर्ने निर्णय पारित गरियो ।

१३. प्रस्ताव नं. ९ को ङ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन, खानेपानी तथा सिचाई क्षेत्रमा तपसिल अनुसारका कार्यक्रम/ आयोजना सञ्चालन तथा सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापनका लागि नेपालको प्रमुख विकास साझेदार सँस्था UNDP सँग प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

तपसिल:

| क्र.सं. | कार्यक्रम/ आयोजना | क्षेत्र/ स्थान | आवश्यक बजेट |
|---|---|---|---|
| १ | त्रिशक्ति मा.वि. ४ कोठे पक्की भवन निर्माण | बुढीगंगा- ९, बाजुरा | १ करोड |
| २ | धुरालसैन वर्थिङ सेन्टर भवन निर्माण | बुढीगंगा - १, बाजुरा | ५० लाख |

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | बाजुरा स्वास्थ्य चौकीलाई एम्बुलेन्स सहयोग | बुढीगंगा - ५, टाँटे बाजुरा | ३० लाख |
| ४ | देवलसैन स्वास्थ्य चौकी भवन निर्माण | बुढीगंगा - ९, बाजुरा | १ करोड |
| ५ | डाव सिचाई कुलो निर्माण | बुढीगंगा - १०, बाजुरा | ३० लाख |
| ६ | ऐतिहासिक बार्जुकोट दरवार संग्रालय निर्माण | बु न पा ४, बाजुरा | १ करोड |
| ७ | मैरे - गैरिखाँद -विरखम्म वृहत सिँचाई नहर निर्माण | बुढीगंगा-९,जुवापनी, बाजुरा | ६० लाख |
| ८ | बाखापलन पकेट क्षेत्र प्रवर्द्दन तथा फर्म सुधार | बु.न.पा. १, ९, ८ र १० | |
| ९ | कागती, सुन्तला, अलैंची, अगरहुड, कृषि व्यवसाय फर्म विस्तार तथा प्रवर्द्दन | बु न पा १, २, ६, ७र ८ | |
| १० | पतलधारा, रोलपाले र बसन्त ढुङ्गा सामुदायिक वनमा अलैंची, टिमुर, रिठ्ठा, राक्षजडि, चिराईतो आदि वृक्षारोपण तथा सामुदायिक वन सवलीकरण | बुढीगंगा न पा ८ र ९ | |
| ११ | सिलाइकटाइ, कुक, सेफ, टुरिष्ट गाइड, वेकरी, बाँसका सामाग्री तथा माटाका भाँडा निर्माण सम्वन्धी युवा लक्षित तालिम | बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र बु.नपा , बाजुरा | |
| १२ | अटो रिक्सा सहयोग तथा हस्तान्त्रण १० वटा | बुढीगंगा नगरपालिका | |
| १३ | नगरपालिका खानेपानी निर्माण | बु न पा ५ | |

CamScanner